नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

महोत्तरी, जलेश्वर

प्र.जि.अ. निवास - ०४४ -५२०१५५
कार्यालय - ०४४ -५२०१७७
- ०४४ -५२००५५

पत्र संख्या -
च.नं. -

मितिः २०८३/०२/२३

## नयाँ राहदानी प्रणाली कार्यान्वयन सम्बन्धी अत्यन्त जरुरी सूचना

राहदानी विभागको च.नं. २०६३, मिति २०८३।०२।२० गतेको आधिकारिक पत्रमार्फत प्राप्त मार्गनिर्देशन अनुसार, राहदानी विभागबाट नयाँ राहदानी आपूर्तिकर्ता चयन गरी **नयाँ अत्याधुनिक प्रणालीमार्फत** राहदानी वितरण गर्ने पूर्वतयारीका प्रकृयाहरू दुरत गतिमा अगाडि बढिरहेको व्यहोरा अवगत गराईन्छ।

हालको वस्तुगत प्रक्षेपण र प्राविधिक आकलन अनुसार आगामी ५ हप्ता, अर्थात् **मिति २०८३ साल असार २६ गतेदेखि** उक्त नवीन प्रणाली पूर्ण रूपमा कार्यान्वयनमा ल्याउने गरी गृहकार्य भइरहेको छ। यसै सन्दर्भमा, निर्धारित योजना अनुसार तय गरिएको **सङ्क्रमणकालीन बिन्दु (Cut-off Date)** भन्दा न्यूनतम एक हप्ता पूर्व नै वर्तमान चालू अवस्थामा रहेको मौजुदा आवेदन प्रणालीलाई स्थगन (बन्द) गरी नयाँ प्रणालीमा रूपान्तरण गरिनेछ।

**उक्त संक्रमणकालीन अवधिमा नयाँ प्रणालीबाट आवेदन संकलनको कार्य प्राविधिक रूपमा** सम्भव भए तापनि, ती **आवेदनहरू अस्थायी रूपमा स्थानीय सर्भरमा मात्र भण्डारण** (Store) हुनेछन् र **Cut-off Date** भन्दा अगाडि तिनको थप प्रसंस्करण (Processing) तथा छपाइ कार्य हुने छैन। **नयाँ प्रणाली पूर्ण रूपमा सञ्चालनमा आउनु अगावै साविकको प्रणालीमा बाँकी रहेका सम्पूर्ण विचाराधीन आवेदनहरूको प्रक्रिया ससम्मान सम्पन्न गरी** मौजुदा तथ्याङ्कहरू (Data) नयाँ प्रणालीमा सुरक्षित रूपमा स्थानान्तरण (Migration) गरिनेछ।

प्रणाली पूर्ण कार्यान्वयनमा आइसके पश्चात्, करिब **३ महिनासम्म प्रणालीको स्थिरीकरण (Stabilization) अवधि रहनेछ।** उक्त प्राविधिक सुदृढीकरणको अवधिमा सेवा प्रवाहमा केही आंशिक संकुचन वा सेवाको गति सीमित हुन सक्ने र तद्कारण सेवाग्राहीले प्राप्त गर्ने सेवामा केही कार्यविधिगत विलम्ब हुन सक्ने सम्भावनालाई नकार्न सकिँदैन।

अतः परिवर्तित प्रविधि र परिमार्जित व्यवस्थापनको यस संक्रमणकालीन चरणमा धैर्यता कायम गरी सहयोग गरिदिनुहुन र सम्भावित विलम्बलाई मध्यनजर गर्दै आफ्ना कार्यहरू तय गर्नुहुन महोत्तरी जिल्लाका **सम्बन्धित सम्पूर्ण आदरणीय सेवाग्राही महानुभावहरूको सुसूचितीकरणका लागि** यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला प्रशासन कार्यालय, महोत्तरी**